मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को

अनुसूची-२०

(नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित)

देवानी लगत नं. ६/७१

फाँट: तहसिल

रामेछाप जिल्ला अदालतबाट सर्बसाधारणका निमित्त पहिलो पटक जारी भएको

## लिलामी सुचना

वादी सिंगबहादुर लामाको नाती विनोद कुमार लामाको छोरा रामेछाप जिल्ला साविक दोरम्बा गा.वि.स. वडा नं. ४ हाल दोरम्बा गाउँपालिका वडा नं. २ बस्ने सन्जय योन्जन र प्रतिवादी ऐ.ऐ.बस्ने हिरामानको नाती दोर्जे लामाको छोरा विजय लामा भएको लेनदेन मुद्दामा अदालतको मिति २०७६।०७।२२ को फैसला बमोजिम वादी सन्जय योन्जनले प्रतिवादी विजय लामाबाँट भरी पाउने ठहरेको सावा रु.५,८२,०००।- र सोको लिखत मिति २०७३।२।२१ देखि भरिभराउ हुदाँसम्मको ब्याज प्रतिवादीले बादीलाई बुझाउनु पर्नेमा नबुझाएकोले उक्त रकम तपसिल बमोजिमको सम्पत्तिबाट भराई पाँउ भनि यस अदालतमा दिएको निबेदन उपर कारवाही हुँदा तपसिलमा उल्लेखित प्रतिवादीको सम्पत्तिको मिति २०७८।०५।३० गते यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक वढावढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सवैको निमित्त यो लिलामी सूचना प्रकाशित गरिएको छ ।

१. यस अदालतको तहशिल शाखामा मिति २०७८।०५।३० गते दिनको १०.०० बजे देखि कार्यालय समय सम्म डाँक लिलाम हुने भएकाले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबल गर्न सकिनेछ ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सो को भोलिपल्ट डाँक लिलाम हुनेछ ।
३. कायम भएको न्यूनतम पञ्चकृती मूल्यबाट डाँक बढाबढ गर्नुपर्ने छ ।
४. डाँक लिलाम बढाबढको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्ने छ। बाँकी वोलकवोल रकम डाँक लिलाम भएको मितिले ७ दिन भित्र दाखिल गर्नुपर्नेछ। त्यसरी ७ दिन भित्र रकम दाखिला नगरेमा डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुन : डाँक लिलामीको सूचना प्रकाशित गरिनेछ ।
५. डाँक लिलाम बढाबढ हुँदा सवैभन्दा बढी अंक वोलकवोल गर्नेलाई डाँक सकार गराईने छ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसील शाखामा सम्पर्क राख्नुहोला ।
७. डाँक लिलाम हुने सम्पत्तिको विवरण:

| सि.नं | जगाधनी | गा.बि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल | डाँक बोल्नुपर्ने न्युन्नतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विजय लामा | कठजोर | ३/ख | ८३ | १-१-०-० | प्रति रोपनी रु.८,००,०००।- | बादीको बिगोले खाम्ने मात्र |

२०७८।४।२६

मितिः-२०७८।०४।२६

नि. तहसिलदार

तहसिलदार